# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खोपवा, बारा

## आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

**गाउँ कार्यपालिकाबाट स्विकृत मिति:२०७५/१०/२२ गते**

**राजपत्र प्रकाशन मिति: २०७५/१२/२३ गते**

प्रस्तावना : लोक कल्याणकारी राज्यका अवधारणा अनुसार आर्थिक रुपल विपन्न निरपेक्ष गरिबीका रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकका लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोल बारागढी गाउँ कार्यपालिकाको मिति २०७५/१०/२२ मा बसेको बैठकले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम बारागढी गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, “२०७५” रहेका छ ।

(२) यो मापदण्ड तुरुन्त लाग हुनेछ ।

२. **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा ।

(क) “गाउँपालिका” भन्नाले बारागढी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) “गाउँ कार्यपालिका” भन्नाले बारागढी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाल निरपेक्ष गरिबीका रेखामुनी रहेका भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेल हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएका वा बेवारिस अवस्थामा फेला परेको, ऋणका कारणले बन्धकमा परेका वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुन कसुरसँग सम्बन्धित रहेका कारणल वेवारिस रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएका सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भी. एडसबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्न पर्दछ ।

(घ) “न्यायिक समिति” भन्नाले बारागढी गाउँपालिका अन्तर्गतका न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बारागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) “गाउँ प्रमुख” भन्नाले बारागढी गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्दछ ।

**परिच्छेद-२**

**आर्थिक सहायता सम्बन्धि मापदण्ड**

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाइ सहायता :**

(१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिल आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन । स्पष्टिकरण “आवश्यक कागजात भन्नाल आर्थिक रुपल विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालका रिपोट लगायतका कागजात बुझ्न पर्दछ ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँ कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिन निर्णय गरेमा विरामीका अवस्था हेरी रू. पाँच हजार देखि रू. चालिस हजार सम्म आर्थिक सहायता दिई निःशुल्क उपचारका लागि समेत सिफारिस गर्न सकिनेछ ।

(३) बीस हजार सम्मका आर्थिक सहायता गाउँ प्रमुख सँगका समन्वयमा प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा माथिका सहायता गाउँ कार्यपालिकाका निर्णय बमोजिम दिईनेछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता** : (१) घरेल हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरुका तत्काल उद्धार गरी जीवनयापनका लागि गाउँ कार्यपालिकाका निर्णयानुसार रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाइ न्याय दिलाउन एवं. पुनर्स्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायताः**

(१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएका वा बेवारिस अवस्थामा फेला परेको, ऋणका कार णले बन्धकमा परेका वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वाहिरासतमा र हेका वा कुन कसुरसँग सम्बन्धित रहेका कारणले वेवारिस रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा

ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भी. एडसबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि गाउँ कार्यपालिकाका निर्णय अनुसार रू.१०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाका शिक्षा तथा पालनपोषणका लागि बाल उद्धार गृहका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणका व्यवस्था गन सकिनेछ।

६. **आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता :** (१) आर्थिक रुपल विपन्न तीन महिना सम्म पनि खान नपुग्न भनि प्रमाणित परिवारका गर्भवती महिला एवं. सुत्केरी आमाका पालनपोषणका लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा रू. ५,०००/- (पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटकभन्दा बढि गर्भवति हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईन छैन ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफै वा पति वा परिवार का कुन सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन।

७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :( दलित ज्येष्ठ नागरिकका हकमा ६० वर्ष उमेर पुगेका र अन्यका हकमा ७० वष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं. अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताका लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मुनासिव भएमा रू. ५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाका लागि आवश्यक पहल गर्न सकिनेछ ।

८. **अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायताः**

(१) आर्थिक रुपल विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगका पालनपोषणका लागि रू. १०,०००/( ( दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गन आर्थिक रुपल विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगका परिचयपत्र सहित गाउँपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।

## परिच्छेद-३
## विविध

९. **निवेदनका ढाँचा :** खण्ड ३, ४, ५, ६, ७ र ८ अनुसार सहायता पाउन अनुसूची-१ का ढाँचामा निवेदन दिन पर्नेछ ।

१०. अधिकार प्रत्यायोजन गर्न सकिन :- यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयका अधिकार गाउँ कार्यपालिकाले गाउँ प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

११. **आकस्मीक कोष :**

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिन एवं. प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्न र अन्य आकस्मीक कार्यमा प्रयोग गर्न प्रयोजनका लागि एक आकस्मीक कोषको स्थापना गरिनेछ ।

(२) आकस्मीक कोषमा देहायका रकम जम्मा गरिनेछ :

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) का लागि प्राप्त सहयोग वा अनुदान ।

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितका उद्धार, राहत तथा पुर्नस्थापनाका लागि प्राप्त जुनसुकै रकम ।

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखका संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोक बमोजिम हुनेछ ।

## अनुसूची-१
**(खण्ड ९ सँग सम्बन्धित)**

श्रीमान गाउँप्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बारागढी गाउँपालिका, खोपवा (बारा)

विषय :आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।

मिति :

महोदय,

प्रस्तुत विषयमा म/हामी.....................................रोगल ग्रसित भई ...................गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/ छौ । उपचारका लागि म र मेरा परिवारका आर्थिक अवस्था नाजुक भएकोल सो का लागि तहा कार्यालयका नियमानुसार आर्थिक सहायता उपलब्ध गराइ निशुःल्क उपचारका लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताका सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि

३. अस्पतालका रिपोट

४. ....................................

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अनुसूची-१**
**(खण्ड ९ सँग सम्बन्धित)**

श्रीमान गाउँप्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बारागढी गाउँपालिका, रुकुम (पश्चिम)
विषय : आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।

मिति :

महोदय,

प्रस्तुत विषयमा म/हामी..................................रोगल ग्रसित भई ............................गर्नुपर्नु व्यहोरा अवगत गराउँदछु/छौ । उपचारका लागि म र मेरा परिवारका आर्थिक अवस्था नाजुक भएकोले सो का लागि तहा कार्यालयका नियमानुसार आर्थिक सहायता उपलब्ध गराइ निशुःल्क उपचारका लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं।

तपसिल
१. विपन्नताका सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्म दर्ता/विवाह दर्ता/.................का प्रतिलिपि
३. अस्पतालका रिपोट
४. ..................................

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रमाणिकरण मिति: २०७५/१०/२५ गते

**आज्ञाले**
आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत